## सूचन

यही २००८ फाल्गुन ८ गतेदेखि सुरु हुने वार्षिक प्रवेशिका परीक्षा (एस यल्. सी.) मा हाजिर हुन पठाइएका छात्रहरुमध्ये आकस्मिक घटना परी उक्त परीक्षामा हाजिर हुन नसकेका अथवा १।२ दिन परीक्षामा बसी छोड्नुपर्ने अवस्था पर्नआई छोडेका त्यस्ता छात्र, छात्राहरुले आफ्ना आफ्ना स्कूलका प्रधान अध्यापक, अध्यापिका (अर्थात् जहाँ आफ्नु आवेदनपत्र पहिले भरेको थियो, उसै ठाउँ) मार्फत सो गैल पर्नाको कारण दरखास्तमा योग्य तरीकाबाट खोली यस आफिसमा परीक्षा चालु भएको दिनको ठीक एक मैन्हाभित्रसम्ममा अवश्य पठाउनुपर्दछ। प्रधान निरीक्षकलाई परीक्षाभवनमा दिने होइन। एस्. यल्. सी. परीक्षालाई पठाइएका छात्रहरुले आफ्नु आफ्नु आवेदनपत्र पहिले जहाँ भरेको हो, सोही ठाउँका मुख्य अफिसरमार्फत दरखास्त पठाएमा स्वीकृत गरिनेछ। यो नियम पालना भएमा पछि हुने पूरक प्रवेशिका परीक्षामा सो परीक्षालाई तोकिएको शुल्कको आधा मात्र बुझाई आवेदपत्र सरासर भर्न पाइने र परीक्षाम हाजिर हुन दिइनेछ। सो माथिको नियम पालना नगरी प्रधान अध्यापकमार्फत दरखास्त आएन र सोझै यस आफिसमा आएमा त्यस्ता दरखास्त खारेज गरी पूरकमा बस्ने आज्ञासमेत कुनै हालतमा पनि पाइनेछैन। तसर्थ सबै जनाले यी नियमको पालना भएमा सुचारुरुपले काम चली सबैलाई सुविस्ता हुनेछ।

## सूचना

यही २००८ साल फाल्गुन ८ गतेदेखि सुरु हुने वार्षिक प्रवेशिका परीक्षा सो दिन नभई आगामी बृहस्पतिवार फाल्गुन २३ गते ( ६ ता. मार्च १९५२ ) देखि बिदादिनबाहेक सरासर फेरि पछि नसर्ने गरी चल्नेछ। यस परीक्षासित सम्बन्ध भएका सबै शिक्षक एवं छात्रहरूलाई थाहा होस् भन्नाका खातिर यो सूचनाद्वारा प्रकाश गरेको छ।

परीक्षानियन्त्रक.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।